# भाग ३

## गण्डकी प्रदेश सरकार

## <u>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना</u>

### <u>मुख्य न्यायाधिवक्ताको कार्यालयको आचार संहिता, २०७९</u>

**<u>प्रस्तावनाः</u>** मुख्य न्यायाधिवक्ता, न्यायधिवक्ता, कर्मचारी र मुख्य न्यायाधिवक्ताबाट तोकिएको कानून व्यवसायीले पालना गर्नुपर्ने पदीय एवम् पेसागत आचारसंहिता निर्माण गर्न वाञ्छनीय भएकोले,

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन, २०७५ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो आचार संहिता बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आचार संहिताको नाम "मुख्य न्यायाधिवक्ताको कार्यालयको आचारसंहिता, २०७९" रहेको छ।

(२) यो आचार संहिता तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आचरण" भन्नाले मुख्य न्यायाधिवक्ता, उपन्यायधिवक्ता, सहायक न्यायाधिवक्ता, कर्मचारी र मुख्य न्यायाधिवक्ताबाट तोकिएको कानून व्यवसायीले पालना गर्नुपर्ने व्यवहार र चालचलन समेत सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "मुख्य न्यायाधिवक्ता" भन्नाले नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्तालाई सम्झनु पर्छ।

(घ) "कर्मचारी" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीलाई समेत जनाउछ।

(ङ) "कानून व्यवसायी" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिमको वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सम्झनु पर्छ।

(च) "परिवारका सदस्य" भन्नाले मुख्य न्यायाधिवक्ता, उपन्यायाधिवक्ता, सहायक न्यायाधिवक्ता, कार्यालयका अन्य कर्मचारी र तोकिएको कानून व्यवसायीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बुवा, आमा र सौतेनी आमालाई सम्झनु पर्छ। सो शब्दले बाजे, बज्यै, सासु, ससुरा तथा घरमा बस्ने सहयोगी समेतलाई जनाउछ।

(छ) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई जनाउँनेछ।

(ज) "प्रदेश कानून" भन्नाले गण्डकी प्रदेश सरकारबाट पारित कानूनलाई सम्झनु पर्छ।

३. **आचारसंहिता पालना गर्नुपर्नेः** (१) यस आचारसंहिताको पालना गर्नु मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता, कर्मचारी तथा तोकिएको कानून व्यवसायी समेतको कर्तव्य हुनेछ।

(२) मुख्य न्यायाधिवक्ता, उपन्यायाधिवक्ता, सहायक न्यायाधिवक्ता र कर्मचारीहरू कार्यालयमा बहाल हुनसाथ तथा कानून व्यवसायी तोकिएपछि कार्यालयले यो आचारसंहिता उपलब्ध गराउनु पर्नेछ।

४. **मुख्य न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचरणः** (१) मुख्य न्यायाधिवक्ताले आफूलाई नेपालको संविधान, संघीय कानून तथा प्रदेश कानूनले सुम्पेको जिम्मेवारी पूरा गर्न तथा आफ्नो काम कारवाहीलाई बिश्वसनिय बनाउन देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछः-

(क) मुख्य न्यायाधिवक्ताले राष्ट्रको हित एवम् स्वार्थ,पदीय मर्यादालाई कायम राखी आफूलाई सुम्पिएको जिम्मेवारी तथा उत्तरदायित्व, स्वतन्त्र, निष्पक्ष र इमान्दारीवूर्वक बहन गर्नु पर्नेछ।

(ख) मुख्य न्यायाधिवक्ताले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले राजनीतिक वा कुनै किसिमको कसैलाई प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्नु हुँदैन।

(ग) मुख्य न्यायाधिवक्ताले विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र, लिङ्ग र सम्प्रदायका मानिसहरू विचको सद्भावमा आँच आउने वा आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु, गराउनु हुदैन।

(घ) मुख्य न्यायाधिवक्ताले अदालत समक्ष विचाराधीन विषयलाई असर पार्ने गरी वा न्यायिक प्रक्रियामा आँच आउने गरी वा कुनै व्यक्ति वा विषयको अनुसन्धानमा असर पर्ने गरी जानाजान सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन।

(ङ) मुख्य न्यायाधिवक्ताले कार्यालयको गोपनीयता भङ्ग हुने गरी कसैलाई पनि कुनै कुराको जानकारी दिनु वा तत्सम्बन्धी अन्य कुनै कुरा उपलब्ध गराउनु हुँदैन।

(च) मुख्य न्यायाधिवक्ता आफैले वा आफ्नो परिवारको सदस्य मार्फत दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानूनी रूपमा रकम प्राप्त गर्नु हुँदैन।

(छ) मुख्य न्यायाधिवक्ताले नेपालको संविधान, नेपाल कानून, प्रदेश कानून एवम् अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त तथा मूल्य मान्यता प्रति पूर्ण प्रतिवद्ध रही आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ।

(ज) मुख्य न्यायाधिवक्ताले मानव अधिकार, महिला तथा बालबालिका पिडित र निजका परिवार र जेष्ठ नागरिकका अधिकारका विषयमा गम्भीर एवम् संवेदनशील भई कार्य गर्नु पर्नेछ।

(झ) मुख्य न्यायाधिवक्ताले अदालतको संस्थागत एंव कार्यगत स्वतन्त्रतालाई कायम राख्दै अदालत प्रतिको जनआस्था र जनविश्वासको अभिवृद्धि गर्न उच्च स्तरको आचरण अबलम्बन गर्नुपर्नेछ।

(ञ) मुख्य न्यायाधिवक्ताले आफ्नो पेसागत, व्यवसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य हुन वा संस्थासँग अनावश्यक सम्पर्क वा सम्बन्ध बढाउनु हुँदैन।

(ट) अदालतमा विचाराधीन रहेको कुनै मुद्दामा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो मुद्दामा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा कार्यालयमा जानकारी दिई अलग रहनु पर्छ।

(२) मुख्य न्यायाधिवक्ताले संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान र विवेकको प्रयोग गरी कार्य सम्पादन गर्नु पर्नेछ।

(३) मुख्य न्यायाधिवक्ताले कार्य सम्पादन गर्दा महिला तथा बालबालिका र लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशिलता अपनाउनु पर्नेछ र लोकतन्त्र, विधिको शासन र समावेशीताको मुल्य मान्यता प्रति पूर्ण प्रतिवद्धता हुनु पर्नेछ।

(४) मुख्य न्यायाधिवक्ताले उपदफा (१) र (३) बमोजिम कार्य सम्पादन गर्दा प्रदेश सरकारका विरूद्धमा सार्वजनिक रूपमा लेखेर र बोलेर अभिव्यक्ति दिन पाईने छैन।

५. **न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचारण:** (१)मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत न्यायधिवक्ताले देहायका आचरणको पालना गर्नुपर्नेछ।

(क) न्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको वृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानूनको अधीनमा रही मुख्य न्यायाधिवक्ताले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(ख) न्यायाधिवक्ताले नेपालको संविधानद्वारा प्रदत्त हक, अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै नेपाल राष्ट्र, संघीय सरकार र प्रदेश सरकारप्रति बफादार रही आफ्नो सेवाको मर्यादा र गरिमामा आँच पुग्ने गरी कुनै पनि काम गर्न र गराउन नदिन सदा सचेत रहनु पर्नेछ।

(ग) न्यायाधिवक्ताले आफ्नो पद तथा सेवालाई मर्यादित बनाउन सदैव सकरात्मक रही सबैसँग शिष्ट तथा मर्यादित व्यवहार गर्नु पर्नेछ।

(घ) न्यायाधिवक्ताले आफ्नो पद अनुरूपको जिम्मेवारी तदारूकताका साथ निर्वाह गर्नु पर्नेछ।

(ङ) न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचरण सम्बन्धी बेग्लै कानूनी व्यवस्था भएकोमा त्यस्तो आचरण समेत पालना गर्नु पर्नेछ।

(च) न्यायाधिवक्ताले जात, जाति, धर्म, भाषा, लिङ्ग, उमेर, भौगोलिकता, राजनीतिक वा सामाजिक हैसियत, दृष्टिकोण, पहुँच वा सम्बन्ध, शारिरीक अवस्था, वैवाहिक स्थिति वा अन्य कुनै पनि आधारमा

भेदभाव नगरी सबैलाई उचित र समाव व्यवहार गर्नु पर्नेछ।

(छ) न्यायाधिवक्ताले कार्यालय समयमा व्यक्तिगत वा अन्य असम्बन्धित कुनै क्रियाकलापमा संलग्न हुनुहुँदैन। तर कार्यालयको काममा बाधा नपर्ने गरी सार्वजनिक क्षेत्रमा तालिम, प्रशिक्षण सञ्चालन गर्ने, प्राज्ञिक वा शैक्षिक संस्थामा आफ्नो पेसा वा कार्यसँग सम्बन्धित विषयमा प्रशिक्षण दिन बाधा पर्नेछैन।

(ज) न्यायाधिवक्ताले प्रचलित कानून बमोजिम गोप्य मानिने सूचनाको जानकारी कसैलाई पनि दिनुहुँदैन। तर कार्यालयबाट सार्वजनिक गरिएको विषयमा सूचना दिन बाधा पर्ने छैन।

(झ) कार्यालय प्रमुख, सूचना अधिकारी वा प्रवक्ता बाहेक अन्य न्यायाधिवक्ताले अधिकार प्राप्त नगरी कार्यालयको काम कारबाहीसँग सम्बन्धित विषयमा कुनै पनि सञ्चारका साधन मार्फत वक्तव्य दिन, अन्तर्वार्ता दिन वा नाम गोप्य राखेर वा नराखेर कुनै सूचना दिनु हुँदैन।

(ञ) न्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारी पालना गर्दा कसैको अनुचित प्रभाव, प्रलोभन, दभाव, भनसुन वा कुनै आग्रहबाट प्रभावित नभई कुनै पनि किसिमको पूर्वाग्रह वा द्वेष नराखी स्वतन्त्र र निष्पक्षताका साथ मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा गर्नु पर्छ।

(ट) न्यायाधिवक्ताले आफ्नो पदीय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति संस्थासँग लेनदेन व्यवहार गर्न उपहार, दान वा चन्दा स्वीकार गर्न लिन तथा दिन जुनसुकै प्रयोजनको लागि चन्दा, दान वा सहयोग उठाउने काममा वा अप्रत्यक्ष संलग्न हुनुहुँदैन।

(ठ) न्यायाधिवक्ताले आफ्नो झुकाव रहेको वा नाता पर्नेको मुद्दाको बहस पैरवी गर्नु हुँदैन। सो अवस्था आई परेमा मुख्य न्यायाधिवक्तालाई जानकारी गराई प्राप्त निकासा अनुसार गर्नु पर्नेछ।

(ड) न्यायाधिवक्ताले कुनै पनि राजनीतिक दल, वा कुनै दलको नेताको समर्थन वा विरोधमा कुनै विचार व्यक्त गर्न वा त्यसमा कसैलाई समर्थन वा विरोध गर्नको लागि प्रभावमा पार्नु हुँदैन। ट्रेड युनियनको हकमा प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(२) न्यायाधिवक्ताले आफूले बहस पैरवी गर्दा संविधान, कानून, नजीर तथा सिद्धान्त लगायत सम्बन्धित सबै कानूनको जानकारी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बहस पैरवी गर्दा न्यायाधिवक्ताहरूले एक आपसमा मर्यादित व्यवहार गर्ने तथा मुख्य न्यायाधिवक्ताले दिएको निर्देशनलाई शीघ्रताका साथ पालना गर्नु पर्नेछ।

(४) न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताबाट तोकिएको कानून व्यवसायी तथा विपक्षीको तर्फबाट बहस पैरवीमा उपस्थित हुने कानून व्यवसायी प्रति मर्यादित र शिष्ट भाषा, शैलीमा व्यवहार गर्नु पर्नेछ।

(५) न्यायाधिवक्ताले समाजमा निन्दनीय हुने कुनै कार्य वा व्यवहार प्रदर्शन गर्नु हुँदैन।

(६) न्यायाधिवक्ताले अदालत, नेपाल सरकार, प्रदेश सरकार र निजामती सेवा प्रति जनविश्वास अभिवृद्धि गर्न सदैव प्रयत्नशील रहनु पर्नेछ।

६. **कर्मचारीले पालना गर्नुपर्ने आचरणः** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीले निजामती सेवाका कर्मचारीले पालना गर्नुपर्ने आचार संहिताका अतिरिक्त देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ।

(क) नेपालको संविधान, जनताको सार्वभौमसत्ता, विधिको शासन, लोकतान्त्रिक मुल्य र मान्यताका अतिरिक्त प्रचलित नेपाल कानून तथा प्रदेश सरकारले बनाएको

कानूनको परिपालना, उच्च सम्मान र संरक्षण गर्नु पर्नेछ।

(ख) कार्यालयमा कार्यरत कर्मचारीले एक आपसमा आदरभावले व्यवहार गर्दै कार्यालयको कार्यसम्पादन निष्ठापूर्वक र ईमान्दारीताका साथ पूरा गर्नु पर्नेछ।

(ग) कार्यालय समयमा व्यक्तिगत कामकाज तथा अनाधिकृत व्यक्तिसँग भेटघाट गर्नु हुँदैन र कार्यालय प्रमुखको अनुमति बिना कार्यालय छोड्न हुँदैन।

(घ) कर्मचारीले आफ्नो पदीय जिम्मामा रहेको जिन्सी सामान, नगद, फाईल, औजार, उपकरण र सवारी साधनको सुरक्षा गर्नु पर्नेछ। मालसमान दुरूपयोग गर्ने मनासायले बिगार्न र मास्न हुँदैन।

(ङ) कर्मचारीले कुनै पनि प्रभावमा परी कार्यालयमा प्रचलित कानूनले निशेध गरेको कुनै पनि कार्य गर्नु गराउनु हुँदैन।

(२) कुनै पनि कर्मचारीले कार्यालयको सूचना अनाधिकृत रूपमा प्रवाह गर्न वा कार्यालयको गोपनियता भङ्ग गर्नु गराउनु हुँदैन।

(३) कर्मचारीले कार्यालयमा लैङ्गिक संवेदनशीलता कायम राख्दै महिला तथा बालबालिका अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र विपन्न समुदायका व्यक्तिलाई सेवा प्रवाह गर्दा प्राथमिकता दिनु पर्नेछ।

७. **कानून व्यवसायीले पालना गर्नुपर्ने आचरणः**- (१) मुख्य न्यायाधिवक्ताको कार्यालयबाट तोकिएको कानून व्यवसायीले आफ्नो पेसागत आचारसंहिताका अतिरिक्त देहायका आचरणको पालना गर्नु पर्नेछः-

(क) मुख्य न्यायाधिवक्ताले तोकिदिएको निर्देशन अनुसार अड्डा अदालतमा गई प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्नु पर्नेछ। कानून व्यवसायीले नैतिक आधारभूत सिद्धान्तको प्रतिकुल हुने गरी कुनै कार्य गर्नु हुँदैन।

(ख) कानून व्यवसायीले नेपालको संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम बहस पैरवी तथा प्रतिरक्षा गर्नु पर्नेछ।

(ग) प्रदेश सरकारलाई प्रतिकुल प्रभाव पार्ने उद्देश्यले मुद्दा सिर्जना गर्न र न्यायिक प्रक्रियालाई दुरूपयोग गर्नु वा गराउनु हुँदैन।

(घ) कावु बाहिरको परिस्थिती नपरी वा मुख्य न्यायाधिवक्ताको पूर्व स्वीकृति नलिई आफूखुशी पेसी सार्न वा स्थगन गर्न हुँदैन।

(ङ) न्याय प्रशासनसँग सम्बन्धित कामकारबाही गर्दा अदालत वा न्यायाधीश वा कानून व्यवसायी प्रति अनास्था पैदा हुने किसिमले झुठ्ठा कुरा प्रचार प्रसार गर्नु गराउनु हुँदैन।

(च) कानून व्यवसायीले महिला तथा बालबालिका र लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशिलता अपनाउनु पर्नेछ। लोकतन्त्र, विधिको शासन र समावेशीताको मुल्य मान्यतामा प्रतिबद्ध रहनु पर्नेछ।

८. **निर्देशनको पालना गर्नु पर्ने:** मुख्य न्यायाधिवक्ताको कार्यालयमा बहाल वरिष्टतम अधिकृतले कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्नुको साथै मुख्य न्यायाधिवक्ताले दिएको निर्देशानुसार मुद्दामा बहस पैरवी गर्नु गराउनु पर्नेछ।

९. **बाधा अड्काउ फुकाउने:** यस आचारसंहिताको कार्यान्वयन गर्दा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. **प्रचलित कानून बमोजिम हुने:** यस आचारसंहिताको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनकै व्यवस्था लागु हुनेछ।

११. **अनुगमन र कारवाही सम्बन्धी व्यवस्था**:- (१) यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा प्रदेश सरकारबाट नियमित अनुगमन हुनेछ।

(२) यस आचारसंहिताको उल्लङ्घन गरेको सम्बन्धमा सेवाग्राही वा अन्य जोसुकैले कारबाही गरी पाऊँ भनी कार्यालय प्रमुख वा मुख्य न्यायाधिवक्ता वा प्रदेश सरकार समक्ष उजुरी दिन सक्नेछन। यस्तो उजुरी परेको सात दिन भित्र छानबिन प्रारम्भ गरी टुङ्गो लगाउनु पर्नेछ।

१२. **वेभसाईटमा राख्नेः** यो आचारसंहिता प्रदेश सरकारबाट पारित भएपछि मुख्य न्यायाधिवक्ताको कार्यालयको वेभसाईटमा राखिनेछ।

आज्ञाले,
रामप्रसाद आचार्य
प्रदेश सरकारको सचिव